**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगाल विश्वविद्यालय कानून (संशोधन) विधेयक, २०२२ लाई आफ्नो स्वीकृति दिनुभएन।

२. पश्चिम बंगालमा विशेष गहन संशोधन एसआईआर प्रक्रिया पूरा भएपछि आज मतदाता सूचीको मस्यौदा जारी गरिनेछ।

३. पश्चिम बंगालका राज्यपाल डॉ सी वी आनन्द बोसले विजय दिवसभन्दा पूर्व हिजो बांग्लादेश मुक्ति संग्रामका दिग्गजहरुलाई सम्मानित गर्नुभयो।

४. फुटबल स्टार लियोनेल मेसीको कार्यक्रम अवधि भएको व्यापक अव्यवस्थाको मामिलामा पुलिसले थप दुईजनालाई पक्राउ गरेको छ।

५. एनएच 110 का परियोजनाहरूमा स्थानीय मजदूर र ढुवानी व्यवसायीको आजीविका सुरक्षित गर्न एनएचआईडीसीएल समक्ष माग गरिएको छ।

**पश्चिम बंगाल विश्वविद्यालय विधेयक फिर्ता**

राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगाल विश्वविद्यालय कानून (संशोधन) विधेयक, २०२२ लाई आफ्नो स्वीकृति दिनुभएन, जसमा मुख्यमन्त्री ममता ब्यानर्जीलाई सबै राज्य विश्वविद्यालयहरूको कुलपति नियुक्त गर्ने प्रस्ताव गरिएको थियो। राष्ट्रपतिले विधेयकलाई अस्वीकृत गर्नु भएसँगै पश्चिम बंगालका राज्य-सञ्चालित विश्वविद्यालयहरूमा उपकुलपतिको पदमा कुनै परिवर्तन हुनेछैन। विद्यमान प्रणाली अनुसार बंगालका राज्यपाल सी.भी. आनन्द बोस सबै राज्य विश्वविद्यालयहरूको कुलपति हुनुहुन्छ। लोक भवनले पनि पुष्टि गरेको छ -राज्यपालले पहिले जस्तै राज्य विश्वविद्यालयहरूको कुलपतिको रूपमा आफ्नो कर्तव्य निर्वाह गर्न जारी राख्नुहुनेछ। २०२४ मा राज्यपाल आनन्द बोसले पश्चिम बंगाल विधान सभामा पारित यो विधेयकलाई राष्ट्रपति द्रौपदी मुर्मुलाई विचारको लागि पठाउनुभएको थियो।

**एसआईआर - पश्चिम बंगाल**

पश्चिम बंगालमा विशेष गहन संशोधन एसआईआर प्रक्रिया पूरा भएपछि आज मतदाता सूचीको मस्यौदा जारी गरिनेछ। निर्वाचन आयोगले २०२६ को विधानसभा चुनाव अघि निर्धारित समय सीमाभित्र यो महत्त्वपूर्ण प्रक्रिया पूरा गर्ने तयारी गरेको छ। अधिकारीहरूका अनुसार, सबै आवश्यक व्यवस्थाहरू पूरा भइसकेका छन् र काम तालिका अनुसार अगाडि बढिरहेको छ। निर्वाचन आयोग स्रोतहरूले भने अनुसार मस्यौदा सूची पहिले नै बुथ स्तर अधिकारीको आवेदनमा अपलोड भइसकेको छ, जसले गर्दा क्षेत्र अधिकारीहरूले बुथ-वार मतदाता डेटा पहुँच गर्न सक्छन्। राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालयले जिल्ला-स्तरीय वेबसाइटहरू पनि सक्रिय गरेको छ ताकि मतदाताहरूले आज १६ दिसम्बरदेखि आफ्नो नाम र विवरणहरू अनलाइन जाँच गर्न सकून्। मस्यौदा सूचीको प्रकाशनसँगै, गणना चरण समाप्त हुनेछ र दावी, आपत्ति र सुनुवाइ चरण सुरु हुनेछ, जुन फरवरी २०२६ सम्म जारी रहनेछ। यस अवधिमा, नाम गलत पाइएका मतदाताहरूलाई प्रमाणीकरणको लागि बोलाइनेछ। अन्तिम मतदाता सूची १४ फरवरी २०२६ सम्ममा प्रकाशित हुने अपेक्षा गरिएको छ।

एसआईआर ४ नोभेम्बरमा सुरु भएको थियो। त्यतिबेला राज्यमा जम्मा मतदाता संख्या ७ करोड ६६ लाख ३७ हजार थियो। सबै मतदाताहरूको लागि गणना फारामहरू छापिएको थियो र बुथ-स्तरीय अधिकारीहरूमार्फत घर-घरमा वितरण गरिएको थियो।

अधिकारीहरूका अनुसार, हस्ताक्षर गरिएका फारामहरू बुझाउने मतदाताहरूलाई, आंशिक रूपमा भरिएको भए पनि, मस्यौदा सूचीमा समावेश गरिएको छ, यद्यपि तिनीहरूको विवरण थप प्रमाणित गरिनेछ।

**राज्यपाल - विजय दिवस**

पश्चिम बंगालका राज्यपाल डॉ सी वी आनन्द बोसले विजय दिवसभन्दा पूर्व बांग्लादेश मुक्ति संग्रामका दिग्गजहरुलाई सम्मानित गर्नुभयो । लोक भवनमा आयोजित कार्यक्रममा राज्यपालले भन्नुभयो - 16 दिसम्बर अर्थात् आज मनाईने विजय दिवस साहस, बलिदान अनि अन्याय माथि न्यायको जीतको जीवंत स्मरण हो । राज्यपाल बोसले आफ्नो संबोधनमा भन्नुभयो कि मुक्ति योद्धाहरुले कसै माथि विजय प्राप्त गर्नको लागि होइन तर सम्मान अनि गरिमाको लागि संघर्ष गरे । उनीहरुको संघर्षले यो स्मरण गराऊदछ कि स्वतन्त्रता कहिले पनि उपहारमा प्राप्त हुदैन । यसलाई बलिदान, अनुशासन अनि साथीक उद्देश्यमा आस्था सित प्राप्त गर्न सकिनेछ । उहाले भन्नुभयो - विजय दिवसको भावनाले सीमाको दुवै तर्फबाट आउने पीढ़िहरुलाई प्रेरित गरिरहोस् अनि शांति, समृद्धि साथै गरिमा सदैव बनिरहोस् । राज्यपालले पश्चिम बंगाल अनि बांग्लादेश बीच रहेको ऐतिहासिक सम्बन्धहरुको पनि उल्लेख गर्नुभयो । उहाले भन्नुभयो कि पश्चिम बंगालको बांग्लादेशसित सम्बन्ध केवल भूगोल सम्म सीमित छैन । बंगालको माटो , नदिहरु , गांव अनि मानिसहरुले ती दिनहरुलाई आज पनि स्मरण गर्दछन् । यस अवसरमा जुन बांग्लादेशी युद्ध दिग्गजहरुलाई सम्मानित गरियो त्येसमा मोहम्मद हबीबुल आलम, मेजर अलिक कुमार गुप्ता सेवानिवृत्त, मेजर कमरुल आबेदीन सेवानिवृत्त, मेजर मनीष देवन सेवानिवृत्त, मेजर मोहम्मद अब्दुल हकीम सेवानिवृत्त, ब्रिगेडियर जनरल मोहम्मद लुत्फुर रहमान, मेजर शेर ए शहबाज अनि ब्रिगेडियर जनरल मोहम्मद हाफिजुर रहमान सामेल छन्।

**मेसीको कार्यक्रम - थप दुईजनालाई पक्राउ**

सल्टलेकस्थित युवाभारती क्रीड़ांगनमा अन्तर्राष्ट्रिय फुटबल स्टार लियोनेल मेसीको कार्यक्रम अवधि भएको व्यापक अव्यवस्थाको मामिलामा पुलिसले शतद्रु दत्तपछि थप दुईजनालाई पक्राउ गरेको छ। पक्रा पर्ने आरोपीहरूमा शुभ्रप्रितम दे र सौरभ बोस सामेल छन्। दुवैलाई हिजो अदालतमा पेश गरियो। पुलिस सूत्र अनुसार युवाभारतीमा भएको तोड़फोड़ तथा बबाललाई लिएर विधाननगर पुलिसले 6 जना मानिसहरूलाई नोटिस पठाएको छ। घटनामा को-को सामेल थिए, पत्तो लगाउनको लागि पुलिसले लगातार सीसीटीभी फुटेजको जाँच गरिरहेको छ। शुरूआती जाँचमा नोटिस जारी गरिएका मानिसहरूको कुनै न कुनै रूपमा मेसीको कार्यक्रमसित सम्बन्ध थियो।
कोलकाता समेत देशका अलग-अलग भागहरूमा मेसीको दौड़ाहका मुख्य आयोजक शतद्रु दत्त थिए। गत शनिवार उनलाई कोलकाता एयरपोर्टबाटै पक्राउ गरिएको थियो। हाल उनी पुलिस हिरासतमा छन्।

निर्वाचन आयोगको तथ्याङ्क अनुसार, यस प्रक्रियामा ठूलो संख्यामा मतदाताहरूको नाम चिन्हित गरिएको छ। २००२ को मतदाता सूचीमा नाम थप्न नसकिएको कारण ३० लाखभन्दा बढी मतदाताहरूलाई "नो-नक्सा" श्रेणीमा राखिएको छ। यस श्रेणीका मतदाताहरूको सुनुवाइ भोलि बुधबारदेखि सुरु हुने तालिका छ।
साथै, लगभग १ करोड ७० लाख मतदाताहरू विभिन्न स्तरको छानबिनमा छन्। मस्यौदा सूची जारी भएपछि, बुथ-स्तरीय अधिकारीहरूले आफ्नो विवरण प्रमाणित गर्न फेरि घर-घर जानुपर्नेछ। यसैबीच, मेटाइएका नामहरूको संख्या पनि छलफलको विषय बनेको छ। पछिल्लो स्थिति प्रतिवेदन अनुसार, मस्यौदा सूचीबाट ५८ लाखभन्दा बढी नामहरू मेटाउनको लागि चिन्ह लगाइएको छ। यसमा मृतक, स्थानान्तरण भएका, पत्ता लगाउन नसकिने, दोहोरिएको नाम भएका र फारम नबुझाएका मतदाताहरू समावेश छन्।

**एनएच 110 बारे एनएचआईडीसीएलका समक्ष मांग**

खरसाङ निवासी सामाजिक अभियन्ता एवं दार्जिलिङ वेलफेयर सोसाइटीका कार्यकारी सदस्य सन्तकिशोर गुरुङले एनएच 110 का परियोजनाहरूमा स्थानीय मजदूर र ढुवानी व्यवसायीको आजीविका सुरक्षित गर्न एनएचआईडीसीएल समक्ष माग गर्नु भएको छ। हिजो उहाँले एनएचआईडीसीएलका कार्यकारी निर्देशक मयुर मुरिधर शिन्देकरसँगको भेटमा उक्त कुरा उठाउनु भएको छ। उक्त भेटमा कार्यकारी निर्देशक समक्ष एनएच 110 सडक खण्डमा भइरहेका विकास तथा निर्माण कार्यहरूले हजारौँ स्थानीय शीपयुक्त

तथा अशीपयुक्त मजदुर, सामान ढुवानी गर्ने गाडी चालक, सहायकहरू, स्थानीय ठेकेदार तथा अन्य श्रमिकहरूको आजीविकालाई प्रत्यक्ष रूपमा प्रभावित गर्दै आएको उहाँले बताउनु भएको छ । उहाँले हिमाली क्षेत्रमा रोजगारीका अवसर सीमित भएका कारण एनएचआईडीसीएलद्वारा गरिने कामहरू अनेकौँ परिवारहरूको मुख्य आयस्रोत रहेको छ पनि जानकारी गराउनु भयो। यस भेटका क्रममा उहाँले एनएच 110 अन्तर्गत भइरहेका तथा आगामी सबै परियोजनामा स्थानीय मजदुर, ढुवानी व्यवसायी तथा अन्य श्रमिकहरूलाई प्राथमिकता दिनुपर्ने आवश्यकताबारे आग्रह गर्नु भएको छ। एनएचआईडीसीएलको कार्यकारी निर्देशकले प्रस्तुत विषयलाई सकारात्मक रूपमा सुनेर आवश्यक अध्ययन तथा समन्वय गर्ने आश्वासन दिनु भएको जानकारी प्राप्त भएको छ।

**मिरिकका पत्रकार सम्मानित**

मिरिकका पत्रकार मुस्कान खेसहाङ राईलाइ भारत-नेपाल सीमा पानीट्याङ्कीमा आयोजित साकेला उँधौली पर्वको अवसरमा सम्मानित भएका छन्। पानीट्याङ्की राई समाज सेवा समितिले आयोजना गरेको उधौली पर्वको अवसरमा समितिको पक्षबाट उनलाई समाजिक भूमिका र पत्रकारितामा दिएको योगदानको कदर गर्दै सम्मान जनाइएको छ। उँधौली पर्वको एक औपचारिक कार्यक्रममा फाँसीदेवा समष्टिका विधायक दुर्गा मुर्मु, किरात खम्बु राई सांस्कृति संस्थानका प्रमुख संरक्षक सीआर राई, गोर्खा जनजाति महासंघका अध्यक्ष एमएस राई, रामकुमार छेत्री तथा समितिका पदाधिकारीहरूको उपस्थितिमा उनलाई सम्मान पत्र प्रदान गरेर सम्मानित गरियो।
यस अवसरमा रिपोर्टर्स क्लब अफ् मिरिकका अध्यक्ष मुस्कान खेसहाङ राईले राई समाज सेवा समिति पानीट्याङ्कीले आफूलाई सम्मान जनाएकोमा कृतज्ञता प्रकट गगर्नु भएको छ|

**पूर्व शिक्षक प्रभारीको निधन**

तीनधारे उच्चत्तर माध्यमिक विद्यालयको पूर्व शिक्षक दुलाल चन्द्र मन्ना ( मन्ना सर) को निधन भएको छ। तीनधारे उच्चत्तर माध्यमिक विद्यालयको पूर्व शिक्षक प्रभारी दुलालचन्द्र मन्नाको हिजो कोलकोताको बेहालास्थित निजी बासस्थानमा 67 वर्षको उमेरमा निधन भएको जानकारी प्राप्त भएको छ। उहाँले तीनधारे हाई स्कूलमा 1984 सालदेखि शारीरिक शिक्षा विषयमा शिक्षकको रूपमा कार्य शुरु गर्नु भएको थियो। उहाँ 2013 देखि 2018 सम्म यस विद्यालयमा शिक्षक प्रभारीको रुपमा कार्य गर्नु भएर 2018 सालमा अवकाशप्राप्त हुनु भएको थियो। उहाँको केही दिन अघि हृदयघातको कारणले उपचार चलिरहेको र हिजो उहाँको निधन भएको जानकारी प्राप्त भएको छ। तीनधारे उच्चत्तर माध्यमिक विद्यालयकी प्रधान अध्यापिका रञ्जना प्रधानले पूर्व शिक्षक प्रभारी दुलालचन्द्र मन्नाको निधनमा श्रध्दाञ्जली अर्पण गर्दै शोकित परिवारमा गहिरो शोक समवेदना प्रकट गर्नु भएको छ। उहाँले दुलालचन्द्र मन्नाको निधनले तीनधारे क्षेत्रका शिक्षा क्षेत्रमा ठूलो क्षति भएको र विद्यालय परिवार शोकित बनेको बताउनु भएको छ।

**क्रामाकपा- स्थापना दिवस**

क्रामाकपा पार्टी दार्जिलिङ

**जलदापाड़ा राष्ट्रीय उद्यान**

जलदापाड़ा राष्ट्रीय उद्यानमा

रणभूमि भारत दर्शन

सिक्किमका राज्यपाल

****** ० ******